प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक


विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-११ ● २०८१ असोज १४ गते सोमबार, ● 30 September, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# थाहामा २ वर्षमा साँढे ५ हजार पानीजन्य रोगका बिरामी




विकास संवाददाता
थाहानगर

हामी इन्टरनेटको अभावमा एक छिन पनि बस्न सक्दैनौ । बिजुली बत्ती भएन भने त झन बैकल्पिक उपाय खोजिहाल्छौं । थोरै दुरी हिँड्न परे सवारी साधन खोज्छौं । यि सबै सेवा लिँदा पैसा तिर्नुपर्छ । तर, हाम्रो स्वास्थ्यसंग प्रत्येक्ष सम्बन्ध राख्ने खानेपानी शुद्धिकरण गर्नका लागि वर्षभरीमा कति खर्च गरेऔं होला सोच्नूस त ? पक्कै ज्यादै कम खर्च अर्थात धेरैजसोले त खर्च गर्दै गरेका छैनौं । विहान उठ्ने वित्तिकैदेखि बेलुकी सुत्ने बेलासम्म धेरै पटक पानी खान्छौं । त्यो पानी शुद्ध छ होला त ? यि पानीको गुणस्तर परीक्षणको त कुरै छोडौं, धारामा पानी आउन्जेलसम्म मुहान कस्तो छ भनेर हेर्नसम्म पनि जाँदै जाँदैनौं ।

अब कुरा गरौं मकवानपुर थाहा नगरपालिकाको । थाहा नगरपालिकामा गएका दुई आर्थिक वर्षदेखि हालसम्म ५ हजार ४ सय १५ जना पानीजन्य रोगबाट संक्रमित भएका छन्, अर्थात बिरामी परेका छन् । पालिका अन्तर्गतको ११ वटा वडाका १२ स्वास्थ्य संस्थाको बिरामी जाँच प्रतिवेदन अनुसार यति धेरै मानिसहरू पानीबाट सर्ने रोगका कारण बिरामी भएको पाइएको हो । खानेपानी शुद्ध नहुँदा उनीहरूमा विभिन्न रोग लागेको स्वास्थ्य संस्था प्रमुखहरूको प्रतिक्रिया रहेको छ ।

चालु आर्थिक वर्षको २ महिना साउन र भाद्रमा मात्र पनि ४ सय ३८ जना पानीजन्य रोगका कारण बिरामी परि सकेको छन् । थाहा नगरपालिकाको अभिलेखमा रहेका पानीबाट लाग्ने विभिन्न ९ वटा रोगहरू मध्ये यो दुई महिनामा सबैभन्दा बढि झाडापखालाबाट १ सय ७८ जना विरामी भएका छन् । साउन र भाद्र महिनामा मात्र यति धेरै विरामी परेका हुन् । त्यसैगरी एक्युट ग्याष्ट्रो इन्टेरीटिसबाट १ सय ६३ जना विरामी भएका छन् । त्यसैगरी आउँमासीबाट २१, रगतमासीबाट १२, हेपाटाइटिस ए बाट १, जुकापर्नेबाट ३५, जण्डिसबाट २ र टाइफाइडबाट २६ बिरामी परेको थाहा नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ ।

त्यसैगरी गत आर्थिक वर्ष २०८०/०८१ मा थाहा नगरपालिकामा २ हजार ४ सय ६३ जना पानीजन्य रोगबाट बिरामी परेका छन् । यस आर्थिक वर्षमा सबैभन्दा बढि एक्युट ग्याष्ट्रो इन्टेरीटिसबाट ८ सय ३७ जना बिरामी भएका छन् । स्वास्थ्य संस्थाहरूको अभिलेख अनुसार दोस्रोमा झाडापखला रहेको छ । यस रोगबाट ८ सय ३२ जना बिरामी परेका थिए । यस आर्थिक वर्षमा आउँमासीबाट १ सय ८७, रगतमासीबाट ६६, हेपाटाइटिस ए बाट ७ जना, जण्डिसबाट

बाँकी पेज ६ मा

## करेन्ट लगाइ माछा मार्नेलाई ५ हजार जरिवाना

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका खोलामा माछालगायत जलचर मार्ने कार्यलाई रोक लगाएको छ ।

थाहाले खोलामा करेन्ट लगाएर माछा मार्ने ५ जनाको समूहलाई नियन्त्रणमा लिएर कारबाही गरेको छ । पालिकाबाट खटिएको नगर प्रहरीले सोमबार माछा मार्ने उक्त समूहको २ वटा बाल्टिन र ५० मिटर विद्युत् जडान गर्ने तारसमेत जफत गरेको छ । उनीहरूलाई कारबाहीसहित ५ हजार रूपैयाँ जरिवाना लगाएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बताए । उनले भने, 'खोलाबाट उनीहरूलाई सोमबार नियन्त्रणमा लिएर मंगलबार नगरपालिकाले दण्ड जरिवानासहित कागज गराएर छाडेको हो ।' थाहा नगर प्रहरीको सक्रियतामा नगरपालिकाको वडा नम्बर २ र ३ को सीमानामा पर्ने पालुङ खोलामा माछा मार्दै गरेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिइएको थियो ।

माछा मार्ने क्रममा नियन्त्रणमा लिइएकाहरूलाई मंगलबार नगरपालिकामा ल्याई थाहा नगरपालिकाको वातावरण



तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०७६ बमोजिम ५ हजार रूपैयाँ जरिवाना गरिएको हो । नियन्त्रणमा लिइएकाहरूले कानुन कहिल्यै उल्लंघन नगर्ने र नगरपालिकाले चलाएको सकारात्मक अभियानमा सधैं सहयोग गर्ने बताएका छन् ।

उनीहरूले भुलबस गलत काम गरेको स्वीकार्दै यस्तो भूल नगर्ने प्रतिबद्धता जनाएको नगरपालिकाका सूचना अधिकारी सुरज कुमार भुजेलले बताए । थाहा नगरपालिकाले विभिन्न खोलामा माछाका भुराहरू छोड्ने काम गरेको छ ।

थाहा नगरपालिकाले खोलामा रहेका माछा र जलचरको संरक्षण गर्ने उद्देश्यले थाहा नगरपालिकाको खोलामा विद्युत् तथा विभिन्न केमिकल प्रयोग गरी जलचर माछा समात्ने तथा मार्ने कार्य नगर्न/नगराउन सूचना जारी गरी सबैलाई सूचित गराएको छ । सूचनामा प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन २०७६ मा माछालगायत जलचर समात्ने वा माने कार्य गरिएको पाइएमा ५० हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने उल्लेख छ ।

जलचर संरक्षण ऐन २०५५ (संशोधन) अनुसार ५ हजार रूपैयाँ जरिवाना वा ६ महिनासम्म कैद गर्ने कानुनी व्यवस्था गरेको छ ।

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वधार'

**थाहा नगरपालिका**

**थाहा नगरपालिकाको जरुरी सूचना !**

यस थाहा नगरपालिका क्षेत्रका नदी तथा खोलामा रहेका जलचर संरक्षण विभिन्न कार्य गर्दै आएकोमा केही व्यक्तिहरुले करेन्ट तथा अन्य निषेधित केमिकल प्रयोग गरी लुकीछिपी रूपमा माछा मार्ने लगायतको कार्य गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा त्यस्तो कार्य गर्न गर्नेलाई बागमती प्रदेश सरकारले जारी गरेको प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन, २०७६ अनुसार जलचर समात्ने तथा मार्ने कार्य गरिएको पाइएमा ५० हजार रुपियाँसम्म जरिवाना, जलचर संरक्षण ऐन, २०५५ (संशोधन) अनुसार ६ महिनासम्म कैद वा पाँच हजार रुपियाँसम्म जरिवाना तथा थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०७६ अनुसार पहिलो पटकका लागि ५ हजार नगद तथा पटके भएमा थप कारबाही गर्ने कानूनी व्यवस्था रहेको हुँदा जलचर मार्ने वा समात्ने कार्य नगर्नु नगराउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।





प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# सम्पादकीय

## कानूनमा शक्तिशाली, काममा कमजोर

नेपालको संविधानले विपद् व्यवस्थापनको अधिकार तीनै तहलाई दिएको छ । संविधानको अनुसूची- ९ मा विपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारको साझा अधिकार सूचीमा राखिएको छ । जसअनुसार विपद्को पूर्व तयारी, उद्धार, राहत र पुनर्स्थापनाको दायित्व संघसहित प्रदेश र स्थानीय तहहरूको पनि हो । सोहीअनुसार विपद्को पूर्वतयारीदेखि उद्धार, राहत र पुर्नस्थापनासम्म प्रदेश र स्थानीय तह सक्रिय हुनुपर्ने हो । तर, पछिल्लो पटकको बाढी पहिरोले निम्त्याएको विपदमा न पूर्व तयारी देखियो, न विपद्पछिको व्यवस्थापन नै । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले सूचना निकालेर सचेत गराउँदासमेत त्यसलाई कुनै पनि तहका सरकारले गम्भीर तापूर्वक लिएनन् । सूचना जारी गर्ने बाहेक अन्य कार्य भएको पाइएन । सरकारका तर्फबाट रातिमा सवारीसाधन नचलाउन सूचना त जारी भयो । तर, सवारीसाधन नै रोक्ने काम भएन । विपद्को आंकलन गरेर सवारीसाधन रोकेको भए २ दिन अघि धादिङको झ्याप्ले खोलामा ३५ जनाले ज्यान गुमाउनु पर्ने थिएन । जसमा स्थानीयदेखि प्रदेश र केन्द्र सरकारसम्म चुकेका छन् । समयमै उद्धार हुन नसकेको भनेर केन्द्र सरकारको चर्को विरोध भई रहँदा विपद् व्यवस्थापनको पूर्व तयारी बारे ठोस जवाफ प्रदेश र स्थानीय तहसँग पनि छैन ।

संविधानले गरेको व्यवस्था अनुसार केन्द्रमा प्रधानमन्त्रीको नेतृत्वमा विपद् व्यवस्थापन समिति गठन गरिएजस्तै प्रदेशमा मुख्यमन्त्री र स्थानीय तहहरूमा प्रमुख वा अध्यक्षको नेतृत्वमा यस्ता समिति हुने गर्छन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार प्रदेश स्तरमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ । सोही ऐनबमोजिम हरेक गाउँ/नगर कार्यपालिकाका अध्यक्ष/प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिको गठन हुने व्यवस्था छ । तर, संकटका बेला यस्ता समितिले समयमै काम गरेको पाइएन । प्रदेश र स्थानीय सरकारले विपद्को आंकलन गरेर पूर्व तयारी गर्ने भन्दा पनि संघीय संयन्त्रकै सूचनामा सीमित रहे । अधिकार भए पनि स्रोत र साधन पर्याप्त नभएको प्रदेश र स्थानीय सरकारका प्रतिनिधिहरू बताउँछन् ।

स्थानीय तहलाई नागरिकको नजिकको सरकार हो । विपद् व्यवस्थापनमा स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुन्छ । कुनै पनि घटना हुने बित्तिकै घटनास्थल पुगी व्यवस्थापन गर्ने जिम्मेवारी कानुनी रूपमै स्थानीय तहलाई प्रदान गरिएको छ । प्रत्येक पालिकामा विपद् व्यवस्थापनका लागि पूर्व तयारी र प्रतिकार्य गर्न छुट्टै संरचना बनाउनु पर्ने कानुनी व्यवस्था छ । व्यवस्था अनुसार समिति गठन भए पनि त्यसले तदारुकता नदेखाएको अधिकांश स्थानीयको गुनासो छ ।अर्कोतर्फ विपद् व्यवस्थापनका लागि सबैभन्दा प्रभावकारी उपाय भनेकै पूर्व सूचना हो । विपद्का बारेमा पूर्व सूचना पाउन सकियो भने क्षति न्यूनीकरण गर्न सकिन्छ । बाढी पहिरा लगायतका विपद्का घटना हुनुअघि वा हुने बित्तिकै प्रभावित क्षेत्रका नागरिकलाई जानकारी दिलाउन सकियो भने उनीहरू त्यसबाट जोगिन सक्छन् ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# बाढीपहिरोको डरलाग्दो चपेटा



◆ विश्वनाथ खरेल

नेपालको खासगरी पहाड, मध्यपहाडी क्षेत्रमा जाने बाढीपहिरो र तराईमा अविरल वर्षापछि हुने डुबान मुलुकका लागि प्रमुख समस्याका रूपमा रहेको छ । गत शुक्रबार (११ र १२ असोज)देखि शनिबारसम्म परेको भीषण वर्षाका कारण देशका अधिकांश स्थानमा सडक भत्किएका छन् । जुन साना सडकदेखि मुख्य लोकमार्गसमेत विभिन्न ठाउँमा अवरूद्ध छन् । जसरी वर्षाका कारण अवरूद्ध भएको सडकखण्ड अझै सुचारू हुन सकेको छैन । वस्तुतः १३ असोजसम्मको अपडेटनुसार देशभर ३६ लोकमार्ग पुरै बन्द छन् । जसमा चार सडकमा एकतर्फी रूपमा यातायात सञ्चालन भएको छ भने बीपी लोकमार्ग, पृथ्वी लोकमार्ग, सिस्नेरी सडकखण्ड, मध्यपहाडी लोकमार्गलगायत पूर्ण रूपमा अवरूद्ध छन् । प्रत्येक वर्ष नेपालमा मनसुन प्रवेशसँगै विपद्को सामना गर्नुपर्ने हुन्छ ।

यो देश पहाडैपहाडले घेरिएको र साना–ठूला गरी करिब ६ हजार नदीनाला उत्तर–दक्षिण बगिरहेका छन् । हाम्रो देशमा सामान्यतया १० जुनदेखि २३ सेप्टेम्बर सम्मको अवधिलाई मनसुन अवधि मानिन्छ । किनकि, यसै अवधिमा मनसुनको प्रभाव रहन्छ । यस अवधिमा वर्षा हुन्छ र हाम्रो खासगरी प्रमुख बाली धान, जसलाई बढी पानी चाहिन्छ, यही अवधिमा रोपिन्छ र फल्न पनि थाल्छ । मनसुन मौसमी वायु हो, जसले हामीकहाँ वर्षा गराउँछ । तसर्थ, बंगालको खाडीबाट पूर्वी नेपाल हुँदै प्रवेश गर्ने मनसुनले झन्डै १ सय १० दिनसम्म मुलुकमा वर्षा गराउने गर्छ । खासगरीकन जेठ, असार, साउन र भदौ महिना नेपालमा पानी पर्ने महिना हुन् । तर, जलवायु परिवर्तनजस्ता कारणले यो क्रम बिस्तारै पछि धकेलिँदै गएको छ । यसलाई नै बाढीपहिरोको मूल कारक मानिन्छ र वर्षभरिमा औसत १ हजार ६ सय मिलिमिटर वर्षा हुने गरेको छ । यहाँ औसत ८० प्रतिशत वर्षा बर्खायाममै हुन्छ ।

राजधानी उपत्यकामा ५४ वर्षयताकै उच्च वर्षा भएको छ । यसको अर्थ वर्षाको अभिलेख राख्न थालिएको सन् १९७० यताकै उच्च वर्षा मापन भएको थियो । यसमा नेपालभरि करिब अढाई सय जनाको ज्यान गएको छ । यसमा भौतिक सम्पत्ति पनि अर्बौं नै नोक्सान भएको छ । यसअघि २२ वर्ष अगाडि सन् २००२ मा उच्च वर्षा भएको थियो । र ाजधानी रहेको उपत्यकामा वर्षाबाट ३४ जनाभन्दा बढीको मृत्यु भयो भने अझै कति बेपत्ता छन् । १ हजार ४ सय ५७ जनाको सकुशल उद्धार गरिएकामा १५ जना घाइते छन् । यसरी नै विभिन्न खोलामा २ हजारबढी घर डुबान हुँदा ४ हजारबढी जनशक्ति परिचालन भएर उद्धार कार्य गरिएको थियो ।

ठूलो संख्यामा उद्धार कार्य हुँदा पनि बाढीले बगाएर बेपत्ता भएका दृश्य सामाजिक सञ्जालभर देखिए । जुन उपत्यकाबाहिरबाट काठमाडौं उपत्यका आउने लोकमार्गहरू पहिरोका कारण अवरूद्ध भइरहेका छन् । जसमा बीच बाटोमै कतिपय गाडीहरू रोकिएका छन् । यात्रीहरू बाटाबाटामै अलपत्र पर्नुपर्ने अवस्था सिर्जना भएको छ । सरकारले लामो यात्रा नगर्न नागरिकलाई आग्रहसमेत गरेको थियो । सरकारले जरूरी काम परेको अवस्थामाबाहेक यात्रामा ननिस्कन र केही दिनसम्म लामो दूरीका गाडीहरू नचलाउन पनि आग्रह गरेको थियो । यसबाट जलउत्पन्न प्रकोप भयग्रस्त अवस्थामै उत्पन्न भएको कुरा स्पष्ट हुन आउँछ ।

हाम्रो देशमा विभिन्न प्रकारका विपद् घटनाहरू मनसुन सुरू भएपछि हुने गरेको पाइन्छ । अघिल्लो सालको यसै समयलाई अवलोकन गर्ने हो भने पनि सो अवधिमा धेरै धनजनको नोक्सान हुनुका साथै ५ हजार ४ चार ६५ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको प्राधिकरणले जनाएको थियो । त्यसरी नै नेपाल विपद् प्रतिवेदन–२०७४ ले नेपालको कुल जनसंख्याको झन्डै ८० प्रतिशत मानिस प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको कुरा सार्वजनिक गरिएको थियो । त्यसैगरी, विश्वव्यापी रूपमा हेर्ने हो भने पनि नेपाल विपद्को उच्च जोखिममा छ । यसर्थ, प्राकृतिक प्रकोपका कारण बर्सेनि सयौं मानिसको मृत्यु हुनुका साथै हजारौं नागरिक बेपत्ता र घरबारविहीन भई विस्थापित भएका छन् । यसरी खर्बौं मूल्यबराबरको आर्थिक क्षति हुने गरेको छ । देशको तथ्यांकीय हिसाबले सबै कुरा यकिन गर्न गाह्रो भए तापनि समग्रमा प्राकृतिक प्रकोप र विपद्बाट नेपालले बर्सेनि ठूलो क्षति बेहोर्नुपरेको छ ।

एक तथ्यांकनुसार नेपाल बाढीपहिरो जोखिमका दृष्टिले विश्वमा ३०औं, जलवायु परिवर्तन जोखिममा चौथो, भूकम्पीय जोखिममा ११औं र बहुप्रकोपीय विपद् जोखिमका हिसाबले बीसौं स्थानमा छ ।

मुलुकमा तत्काल विपद् परेकाको उद्धार, सबै प्रदेशमा आपत्कालीन सामग्री ५०औं वर्षदेखि नेपालमा विपद् कम गर्न प्रयास भइरहेका छन् । यसका नाममा हुने खर्च बर्सेनि अर्बौंको आँकडामा देखापर्ने गरेका छन् । आज यहाँ टाल्यो, भोलि अर्को ठाउँ भत्किनसक्छ । जसले गर्दा बालुवामा पानी हालेजस्तो भएको छ । स्मरण रहोस् २०११ सालमा नेपालमा ठूलो बाढी आएको थियो । त्यो हाम्रा पिताहरूले भोगेका कुरा हुन् । अहिले पनि गाउँठाउँमा ११ सालको बाढीपहिरोको कुरा कोट्याइयो भने त्यसबेलामा भूस्वरूपमै परिवर्तन गर्नेगरी बाढीपहिरो आएको थियो भन्ने बुझ्न र थाहा पाउन सकिन्छ ।

त्यसबेला अहिलेको तुलनामा जनसंख्या निकै कम हुँदा पनि करिब ३ सय ५० मानिसको मृत्यु भएको थियो । गाईबस्तु र धनसम्पत्तिको पनि उत्तिकै क्षति भएको थियो । तत्कालीन सयमा ३ हजार घर क्षतिग्रस्त भएका थिए भने १०औं लाख मानिस घरबारविहीन भएका थिए । त्यतिखेर बाढीपीडितलाई सहयोग गर्न राष्ट्रिय दुःख निवारण कोषको स्थापना गरी सहयोग संकलन गरिएको थियो । नेपाल प्राकृतिक प्रकोपका दृष्टिले अत्यन्त जोखिममा रहेको छ ।

प्राकृतिक प्रकोपले हरेक वर्ष मानवीय र भौतिक क्षति पु–याउँदै आएको छ । यसैले हामी सधैं नै सजग र होसियार हुनुपर्छ । यसमा वन विनाश र प्राकृतिक दोहन नै यस विपत्तिको प्रमुख कारक हो । जसरी हिमालदेखि तराईसम्मै हामीले सचेतनामूलक अभियान सञ्चालन गर्नसकेमा र सबैले अनुशासित भई प्रकृतिको संरक्षण गर्न लागिपरेमा मात्र यस्ता विपत्तिबाट हुने क्षति न्यूनीकरण सम्भव हुन्छ । किनकि, सरकारी प्रयासले मात्र यो सम्भव हुँदैन ।

समग्रमा भन्नुपर्दा जनतालाई बाढीपहिरोसम्बन्धी पूर्वसूचना दिने कार्य बेलैमा सचेत गराउन सकियो भने बेला बखतमा हुने प्राकृतिक विपद्बाट हुने ठूलो जनधनको क्षतिमा कमी ल्याउन सकिने भएकाले त्यसतर्फ ध्यान दिन जरूरी छ । मूलतः नेपाल सरकारले विपद्अघि गर्नुपर्ने पूर्वतयारीमा ध्यान नदिँदा ठूलो जनधनको क्षति हुने गरेको छ । यसरी प्रत्येक वर्ष विपद्को सामना गर्नुपर्ने देशले पूर्वतयारीमा ध्यान दिन नसक्नुलाई विडम्बना मान्नुपर्छ । अतः देशमा विपद्ले च्यापेपछि मात्रै हतारमा तयारी गर्ने नेपालको बानीमा सुधार ल्याउनुपर्ने देखिन्छ ।

विकासका नाममा मुलुकभरि गरिएको अवैज्ञानिक तवरबाट खनिएका सडक हाल पहाड, मध्यपहाड, हिमाल, तराई क्षेत्रमा बसोबास गर्ने मानिसका लागि कालस्वरूप बन्दै गएको प्रमाण एकातिर छ । हाम्रो मुलुकको अर्थतन्त्रमा समेत नकारात्मक असर पारेको देखिन्छ । मनसुनकै पानीले हाम्रो जीवन र अर्थ व्यवस्था चल्छ । मनसुन राम्रो भएको वर्ष हाम्रो आर्थिक वृद्धिदर र उत्पादन पनि राम्रो हुन्छ । जुन बेला मौसम गडबड हुन्छ, पहिरो जान्छ अनि आर्थिक वृद्धिदर पनि तल झर्छ । आखिर मनसुन नभए घाटा हुन्छ । पछिल्ला वर्षमा मनसुनले किन क्षति गरिरहेको छ ? गम्भीर हुन जरूरी छ । पछिल्ला केही दिनमा मुलुकभर भएको अविरल वर्षाका कारण आएको बाढीपहिरोमा परी ठूलो जनधनको क्षति भएको, कयौं घरबारविहीन भएका र कतिपय अझै पनि जोखिमयुक्त स्थानमा बस्न बाध्य छन् ।

जुन आवश्यकतानुसारको राहत, पुनर्स्थापना र स्थानान्तरणको व्यवस्था मिलाउन सरकारको गम्भीर ध्यानाकर्षण हुनुपर्छ । फलतः विपद्को सामना गर्न र ाज्यको एकल प्रयास मात्रैले सम्भव हुँदैन । हामी जो जहाँ छौं, त्यहाँबाट सकेको सहयोग गर्नु आवश्यक छ । मानवीय संवेदनालाई सम्झेर एक–अर्काको सहारा बन्न सकेको खण्डमा विपद्सँग जुध्न सकिन्छ । तसर्थ, विपद्लाई सदाका लागि बिदाइ गर्न जरूरी छ ।

विपद् व्यवस्थापनका लागि सार्वजनिक–निजी साझेदारीको विकास गरी सबै संयन्त्र परिचालन गर्नसके विपद्बाट हुने क्षति कम गर्न सकिन्छ । यसर्थ, घटना हुनुभन्दा अगाडि केही सचेत भए धेरै जनधनको क्षति हुन पाउने थिएन । यसकारण विगत वर्षहरूबाट विपद् व्यवस्थापनको पाठ सिकेर बेलैमा तीनै तहका सरकारले चनाखो भई मनसुनजन्यलगायत अन्य विपद्लाई घटाउन सकिने कुरामा कसैको पनि दुईमत नहोला ।

# बालबालिकामा पोषणको महत्व

मानव शरीरलाई आवश्यक पर्ने पोषक तत्व र खाने खाद्यान्नबीचको सन्तुलनलाई पोषण भनिन्छ। पोषणले मानिसलाई स्वस्थ रहन एवं रोग प्रतिरोधात्मक क्षमता कायम तथा विकास गर्न मद्धत गर्दछ । हरेक उमेर समूहका स्वस्थ तथा रोगी दुवै मनिसहरूमा राम्रो पोषण जीवनभर आवश्यक पर्दछ। विशेषत: गर्भवती महिला, स्तनपान गराइरहेकी आमा, शिशु, बालबालिकालाई विशेष किसिमको पोषण र हेरचाहको जरूरत पर्दछ ।

आजका बालबालिका भोलीको जनशक्ति हुन्,जसको स्वास्थ्य र उत्पादकत्वले समग्र देशको आर्थिक तथा सामाजिक विकासको निर्धारण गर्दछ। बालबालिकाको जीवनरक्षा, स्वास्थ्य तथा विकासका लागि उपयुक्त पोषण एक दरिलो जग हो। राम्रो पोषण पाएका बालबालिकाहरू राम्ररी सिक्न र हुर्कन सक्छन्, समुदायमा सहभागी हुन र योगदान दिन, तथा रोग, विपत्ति र अन्य विश्वव्यापी संकटहरूसंग लड्न समर्थ हुन्छन् । तर कुपोषणबाट पिडित लाखौं बालबालिकाको लागि वास्तविकता निकै तितो छ। लाखौं बालबालिका कुपोषणका कारण पुड्का हुने गर्दछन, जसको उपचार सम्भव छैन । यसले बालबालिकाको शारीरिक र मानसिक विकासलाई प्रत्यक्ष रूपमा असर गर्दछ ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०२२ अनुसार २६ वर्षमा बालबालिकामा पोषण तथा पोषणसँग प्रत्यक्ष रूपमा सम्वन्धित धेरै सूचकहरूमा उल्लेखनीय रूपमा सकारात्मक परिवर्तन आएको देखिन्छ भने केही महत्वपूर्ण सूचकहरू घट्दो अवस्थामा पुगेको पाईन्छ । जसलाई तपशिल अनुसार प्रस्तुत गरिएको छ । ९८ प्रतिशत घरधुरीका परिवारहरूले आयोडिन युक्त नुनको प्रयोग गर्छन् । ६ देखि ५९ महिना बीचका बालबालिकामा भिटामिन ए र जुका बिरूद्धको औषधिको पहुँच ८५ प्रतिशत छ । ० देखि ५ महिना सम्मका १० प्रतिशत बालबालिका स्तनपानबाट वञ्चित छन ।

६ देखि २३ महिना उमेरका ४७ प्रतिशत बालबालिकाले मात्रै सन्तुलित भोजन पाएका छन् र ति मध्ये ३६प्रतिशत ले न्युनतम स्विकार्य पोषण पाएका छन् । ७९ प्रतिशत महिलाहरूको सुत्केरी स्वास्थ्य संस्था (वर्थिङ सेन्टर) मा भएको पाइन्छ ।

पाँच वर्ष मुनिका ४३प्रतिशत बालबालिका र ६-२३ महिनाका ६९ प्रतिशत बालबालिका रक्त अल्पताबाट पिडित छन् । त्यसै गरी, ३४प्रतिशत किशोरीहरू, ४६प्रतिशत गर्भवतीहरू र प्रजनन उमेरका ४१प्रतिशत महिला रक्त अल्पताबाट पिडित छन । यसरी हेर्दा हाम्रो देशमा बालवबालिकाहरूको पोषणको अवस्था समग्रमा सकारात्मक रूपमा देखिएता पनि केहि मात्रामा अझै पनि सतहवाटै सुधार गर्नुपर्ने देखिन्छ।स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका समुदायका सेवाग्राहीहरूलाई समेत पोषण कार्यक्रमको दायरामा ल्याउन सके मात्र बाँकी रहेको समूहको पनि पोषण स्थितिमा केहि हद सम्म सुधार ल्याउन सहयोग पुग्छ।

### सुधारका उपायहरूः

बालबलिकाहरूमा पोषणको अवस्थालाई अनुकुल वनाई कुपोषणको रोकथाम गर्न तथा यसका परिणामहरूबाट जोगिनका लागि गर्भावस्थाको सुरूवातदेखि शिशुको दोस्रो जन्मदिन (2nd Birthday) सम्मको सुनौला १००० दिनसम्म बिशेष महत्व दिनुपर्छ। स्तनपानलाई प्रोत्साहन गर्ने, ६ महिना माथि उमेरका शिशुहरूलाई थप अतिरिक्त खाना उपलब्ध गराउने, अन्य समस्याहरूको समाधानका लागि महिला तथा बालबालिकालाई सुक्ष्म पोषण उपलब्ध गराउने,नियमित खोप लगाउने, भिटामिन ए तथा जुका विरूद्धको औषधि सेवन गराउने, तौल (बृद्धि अनुगमन) लिने, सरसफाइलाई महत्व दिने जस्ता कार्यकरूलाई यस संवेदनशील समयावधिमा केन्द्रित गर्नुपर्दछ । जीवनको सुरूवाती वर्षहरूमा पोषणको लागि गरिने यस लगानीले बालबालिका, तिनका परिवार र समुदायहरूलाई जीवन पर्यन्त प्रतिफल दिने गर्दछ ।

# चाडपर्वमा मोटोपन बढ्छ, कसरी नियन्त्रण गर्ने ?

दशैं जस्ता चाडपर्वमा मनलाग्दी खाने, पिउने गरिन्छ । अरूको कुरा छाडौं, स्वास्थ्यप्रति सजगहरू पनि भनिरहेका हुन्छन्- 'चाडपर्वमा त मस्त खाने हो, रम्ने हो !'

यसको नतिजा चाहिं चाडपर्व सकिएलगत्तै देखिन थाल्छ । शरीरको तौल बढ्छ, मधुमेहले च्याप्छ, कोलेस्टेरोलले दुःख दिन्छ । तब उनीहरू भन्न थाल्छन्, 'अब के गर्ने होला ?'

### चाडपर्वमा लापरबाही

चाडपर्वमा शरीरले भन्दा पनि मनले खाइदिन्छौं । मन लागेर खान्छौं, मन राख्नका लागि खान्छौं । घरमा मीठो मसिनो खानेकुरा पाक्न थालेपछि हामी मन थाम्न सक्दैनौं, मस्त खाइदिन्छौं । आफन्त, इष्टमित्रकहाँ गइन्छ । त्यहाँ हाम्रो स्वागतार्थ खानेकुरा दिइन्छ । पाहुनालाई हार्दिकतासाथ पस्किएको खानेकुरा त्यसै पन्छाउन सक्दैनौं । पेट टम्म भरिए पनि मन राख्नकै लागि खाइदिन्छौं । त्यसमाथि- मासु, पनिर, तारेको, भुटेको, मसालेदार खानेकुरा । यस्तो खानालाई शरीरले कसरी थेग्न सक्छ ?

### अनि बढ्छ मोटोपन

दशैं जस्ता चाडपर्वमा मीठो मसिनो खाँदै बस्ने, तासको खालमा जम्ने, मासु-मदिरा खाने चलन व्यापक छ । कोही तासको खालमा बस्छन्, कोही रमझम गर्न थाल्छन् । खाँदै, बस्दै गर्दा शरीरमा जम्मा भएको अतिरिक्त क्यालोरी खर्च हुन पाउँदैन ।

बिहान उठेदेखि राति अबेरसम्म खाने गरिन्छ । हाम्रो शरीरलाई राति अबेर खानेकुरा पचाउन गाह्रो हुन्छ । अर्कोतिर निद्राको तालमेल मिल्दैन । अत्यधिक खानाको सोझो असर भनेको पेटमा पर्छ । पेटले त्यसलाई पचाउन सक्दैन र बोसोको रूपमा संग्रहित गर्छ ।

बोसो लाग्दै गएपछि तौल बढ्ने नै भयो । तौल बढेसँगै चिन्ता पनि बढ्छ । किनभने शरीरको अनियन्त्रित तौलले अरू समस्याहरू पनि ल्याउँछ । जस्तो मधुमेह, उच्च रक्तचाप, कोलेस्टेरोल आदि । धेरैले अनुभव गरेको हुनुपर्छ, दशैंपछि प्रायः चार-पाँच केजी तौल बढ्छ ।

### मोटोपनसँगै अरू समस्या

दशैंमा सबैभन्दा बढी समस्या दीर्घ रोग भएकाहरूका लागि हुन्छ । युरिक एसिड, मधुमेह, रक्तचाप र कोलेस्टेरोलका बिरामीले सबैभन्दा बढी ध्यान दिनुपर्ने भनेको मोटोपना, खानपान, निद्रा र औषधि हो ।

दशैंको माहोलको रमझम र घुमफिरले गर्दा यी सबै कुरामा सन्तुलन मिल्दैन । अत्यधिक मासुको साथै मदिरा पनि खाने हो भने त यी दीर्घरोगले मुटुमा समस्या गराई हृदयघात भई तत्काल अस्पताल लैजानुपर्ने हुनसक्छ ।

### पुरूषमा बढी समस्या

दशैंमा सबैभन्दा बढी समस्या तुलनात्मक रूपमा पुरूषमा देखिन्छ । किनकि महिलाहरू पकाउने, पूजापाठ, सरसफाइकै लागि पनि भान्छा, कोठा र आँगनमा काम नै गरेर पनि शारीरिक अभ्यास भइरहेको हुन्छ । तर, पुरूषको हकमा भने तास खेल्न बसेपछि एकठाउँमै बसिरहने, त्यही ठाउँमा खानपान गरिरहने र खाइरहँदा कति खाएको पनि हेक्का नहुने हुँदा ढाड दुख्ने, मोटोपन बढ्ने, अनिद्रा, अपचको समस्या बढ्छ ।

### के गर्ने ?

सम्भव भएसम्म खानपानमा नियन्त्रण गर्ने चाडपर्वमा मिठाई र तारेको, पोलेको खानेकुरा खाए पनि मात्रा घटाउनुपर्छ । त्यसको लागि मासुका परिकारसँगै ताजा फलफूल, सलाद, हरियो सागसब्जी र प्रोटिनयुक्त वस्तुहरू पनि प्लेटमा राख्नुपर्छ । र, खानेकुरा खाँदा हरियो सागसब्जी र फलफूलबाट सुरू गर्नुपर्छ । यसरी सुरू गरेमा भारी खानेकुरा खाने भोक पनि हराउँछ । र, मासुको मात्रा पनि कम खाइन्छ । मासुभन्दा बढी फाइबर युक्त खानेकुराले खाएको मासु जस्ता परिकार पचाउन पनि मद्दत गर्छ ।

### सानो प्लेटमा खाना राख्ने र विस्तारै खाने

सानो प्लेटमा खाना खाँदा खानाको मात्रा स्वतः घट्छ । सानो प्लेटमा लिएर चपाई चपाई विस्तारै खाने गरेमा पनि अनावश्यक खानबाट बचिन्छ । एकपटक हालेपछि थप्ने बानी पनि कम गर्ने प्रयास गर्नुपर्छ ।

### प्रशस्त पानी पिउने

प्रशस्त पानी पिउनाले शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्न मद्दत गर्छ । जसले भोक पनि कम लाग्छ । खाना खाएको ३० मिनेट अगाडि वा ४० मिनेटपछि पानी पिउने बानी बसाल्नुपर्छ । यसले मेटाबोलिजमलाई चुस्त राख्ने मात्र होइन, कम खान पनि मद्दत गर्नेछ ।

### शारीरिक गतिविधि

सबैभन्दा बढी व्यायाम आवश्यक पर्ने भनेकै दशैं जस्तो लामो चाडपर्वमा हो । यो समयमा जीम तथा योगा हलहरू बन्द छन् भनेर ढुक्कले बस्नुहुँदैन ।

घरमै पनि १५ देखि २० मिनेट व्यायाम गर्नु पनि फाइदाजनक हुन्छ । घरमा पाहुना छन् वा माहोल मिल्दैन भने बिहानपख वा बेलुकीको समय व्यायाम तथा हिंडडुल गर्न सकिन्छ ।

### समयमा खाना खाने

चाडपर्वमा हामी प्रायः खानाको नियमित समय बिर्सन्छौं । अनियमित समयमा खाना खाँदा मेटाबोलिजममा नकारात्मक असर पर्ने र तौल बढ्ने सम्भावना पनि बढ्छ ।

त्यसैले, दिनमा दुई पटक खाना खाने र त्यसबीचमा हल्का खाजा लिन सकिन्छ । मासुका परिकारहरू बेलुकाभन्दा बिहान खानु उचित हुन्छ । बेलुका हल्का खानेकुरा खाने र खाएको तीन घण्टा पछि सुत्नु उचित हुन्छ ।

### पर्याप्त निद्रा

निद्राको कमी पनि तौल बढ्नुको प्रमुख कारण हुनसक्छ । चाडपर्वमा भोजभतेर र अन्य गतिविधिका कारण निद्रा कम हुन्छ, जसले शरीरको ऊर्जा घटाउँछ र मेटाबोलिजममा पनि असर गर्छ । चाडपर्व होस् वा सामान्य दिन, दैनिक ७ देखि ८ घण्टा सुत्ने प्रयास गर्नुपर्छ ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।


थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# वर्षा मापन केन्द्र दामनले २०५० सालको रेकर्ड तोड्यो

◆ विकास संवाददाता

मकवानपुरको थाहानगरपालिका स्थित दामनमा रहेको वर्षा मापन केन्द्रले ३१ वर्षपछि रेकर्ड ब्रेकु गरेको छ । जल तथा मौसम विज्ञान विभागले सार्वजनिक गरेको वर्षा मापन केन्द्रहरूको विवरण अनुसार दामनले पनि रेकर्ड ब्रेकु गरेको हो ।

वर्षा मापन केन्द्र दामनको रिपोर्ट अनुसार १२ असोजमा मापन गरिएको २४ घण्टाको वर्षा ४१० मिमि मापन गरि एको छ । दामनमा यसअघि २० जुलाई १९९३ अर्थात २०५० साल साउन ५ गते ३७३.२ मिमि वर्षा मापन भएको थियो । विभागले १४ जिल्लाका २५ वटा केन्द्रमा 'रेकर्ड ब्रेक' वर्षा मापन जनाएको छ । काठमाडौंको पानीपोखरी, त्रिभुवन विमानस्थल, बुढानीलकण्ठ, जितपुरफेदी र नागार्जुन, ललितपुरको गोदावरी, खुमलटार, टीकाथली, खोकना, चापागाउँ र भक्तपुरको नखेल वर्षामापन केन्द्रले २४ घण्टा अवधिको वर्षाको पुरानो रेकर्ड तोडिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । विभाग अन्तर्गतको हावापानी विज्ञान महाशाखाका अनुसार अर्घाखाँचीको सन्धिखर्क, चितवनको



गोविन्दबस्ती, धादिङको गजुरी, झापाको चन्द्रगढी विमानस्थल, काभ्रेको खोपासी, पाँचखाल र धुलिखेलमा पनि रेकर्डब्रेक वर्षा भएको छ ।

त्यस्तै मकवानपुरको दामन, नुवाकोटको ककनी, पाल्पाको बल्ढ्याङगढी, पाँचथरको फिदिम, सिन्धुपाल्चोकको बाहुनेपाटी र तनहुँको सखर तथा खैरेनीटारको वर्षामापन केन्द्रमा पनि अहिलेसम्मको धेरै वर्षा रेकर्ड भएको छ ।

१२ असोजमजा काठमाडौं उपत्यकाका ९ केन्द्रको वर्षाको रेकर्ड तोडिएको सार्वजनिक भएको थियो । जल तथा मौसम विज्ञान विभागले १३ असोजमा थप १६ केन्द्रको रेकर्ड ब्रेक वर्षाको विवरण सार्वजनिक गरेको हो ।

# मकवानपुरका एसपी रिजाल र डिएसपी भण्डारीको सरूवा

◆ विकास संवाददाता

प्रहरी प्रधान कार्यालयले जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरिक्षक सिताराम रिजाल र प्रहरी नायब उपरिक्षक लक्ष्मी भण्डारीको सरूवा गरेको छ । प्रहरी प्रधान कार्यालयको सरूवा निर्णय सार्वजनिक गरिसकेको छ । एकै पटक एसपी रिजाल र डिएसपी भण्डारीको सरूवा भएको हो ।

प्रहरी उपरिक्षक रिजालको नेपाल प्रहरी विशेष सुरक्षा गढ जनकपुर धनुसामा सरूवा भएको छ । मकवानपुरमा भने प्रहरी प्रमुखको रूपमा एसपी विश्व खड्का आउने भएका छन् । काठमाडौं उपत्यका ट्राफिक कार्यालयमा कार्यरत उनलाई मकवानपुर प्रहरी प्रमुखको जिम्मेवारी दिइएको हो ।

डिएसपीमा स्याम अर्याल आउने भएका छन् । नेपाल प्रहरी विशेष सुरक्षा गण तनहुँमा कार्यरत अर्याललाई मकवानपुर सरूवा गरिएको हो ।

# १२ वर्षपछि नरूता र उत्तम चित्लाङ्मा



◆ विकास संवाददाता

नरूता सिंह र उत्तम प्रधान १२ वर्षपछि सुटिङ सेटमा फर्किएका छन् । उनीहरूको अभिनय रहेको म्युजिक भिडियोको छायांकन मकवानपुरको चित्लाङमा गरिएको छ । 'यो जुनी यस्तै भो' बोलको गीतको भिडियोमा यी दुई कलाकारले दम्पतीको भूमिका निर्वाह गरेका छन् ।

बबी लिम्बू सुब्बाको शब्द, हरि लम्सालको संगीत र केशव भावुकको स्वर रहेको गीतलाई दशैं छेकोमा रिलिज गर्ने तयारी छ । यो गीतको भिडियोको छायांकनका लागि निरूता र उत्तम सिक्किमबाट नेपाल आएका हुन् । छायांकनपछि उत्तम फर्किसकेका छन् भने निरूता काठमाडौंमा छिन् ।

निरूता ६ असोज बेलुका बानेश्वरको वान सिनेमाज हलमा आयोजित फिल्म 'खुस्मा'को विशेष प्रदर्शनमा पनि सहभागी थिइन् । जहाँ उनले यो म्युजिक भिडियोमा उत्तमसँगको लामो समयपछिको सहकार्य राम्रो भएको र आफूहरू चाँडै फिचर फिल्म लिएर फर्किने तयारीमा रहेको बताएकी थिइन् । सम्भवतः तिहारपछि सुरु हुने यो फिल्मलाई उत्तमले निर्देशन गर्ने कुरा छ । निरूता र उत्तमले दर्पणछायाँ, लहना र उपहार जस्ता फिल्ममा सहकार्य गरेका छन् ।

# २ महिनामा प्रदेश सरकारबाट साँढे २ अर्ब राजश्व संलन

◆ विकास संवाददाता

चालु आर्थिक वर्षको दुई महिनाको अवधिमा बागमती प्रदेश सरकारले साँढे २ अर्ब राजस्व संकलन गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार चालु आव २०८१/०८२ को भदौ मसान्तसम्म २ अर्ब ६५ कराड ४३ लाख ४२ हजार राजस्व संकलन भएको हो ।

गत आवको सोही अवधिको तुलनामा चालु आवको दुई महिनामा बागमती प्रदेश सरकारको राजस्व संकलनमा वृद्धि भएको तथ्याङ्कले देखाएका छ । मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०८०/०८१ को भदौ मसान्तसम्मको आयभन्दा २२ दशमलव ३ प्रतिशतले राजस्व संकलन वृद्धि भएको हो ।

आर्थिक वर्ष २०८०/०८१ को दुई महिनामा २ अर्ब १७ करोड ५२ लाख ११ हजार राजस्व संकलन गरेको प्रदेश सरकारले चालु आव २०८१/०८२ मा ४७ करोड ९१ लाख ३१ हजार बढी राजस्व संलन गर्न सफल भएको मन्त्रालयका प्रशासन महाशाखा प्रमुख होमनाथ रिजालले जानकारी दिए । गत आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार अनुमान गरिएकोमा भाद्र मसान्तसम्म ३ दशमलव ४७ प्रतिशत मात्रै राजस्व संलन भएको थियो भने चालु आवमा कुल आय अनुमानको ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजारमा ४ दशमलव ११ प्रतिशत राजस्व प्राप्ति भएको तथ्याङ्क छ ।

# लेकाली बसिफाँट माविका विद्यार्थीहरूलाई बैंकको सहयोग




◆ विकास संवाददाता

मकवानपुरको भिमफेदी गाउँपालिका वडा नम्बर ९ मा रहेको लेकाली बसिफाँट माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामाग्री वितरण गरेको छ । नेपाल एसबिआई बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विद्यार्थीहरूलाई शैक्षिक सामाग्री प्रदान गरेको बैंकले जनाएको छ ।

बैंकले विद्यार्थीहरूलाई झोला, कपी, पेन्सील, ज्यामिति बक्ससहित दुई लाख रुपैयाँ बराबरको शैक्षिक सामाग्री वितरण गरेको बैंकका नायव प्रमुख कार्यकारी अधिकृत राजेश कुमार पाण्डाले जानकारी दिए । एसबीआई बैंकका प्रबन्धक सिइओ दिपक कुमार डे को प्रमुख आतिथ्यता भएको कार्यक्रममा नायव प्रमुख कार्यकारी अधिकृत पाण्डा, प्रमुख संचालक अधिकृत यादवेन्द्र कान्त, प्रमुख जोखिम व्यवस्थापन अधिकृत बिष्णु देव यादव, विद्यालयका प्रधानाध्यापक लड्डुलाल मण्डललगायत शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

शैक्षिक सामग्रीहरू वितरण गरेर विद्यार्थीलाई पढाइमा प्रोत्साहन गर्न बैंकले गरेको सहयोगप्रति विद्यालय व्यवस्थापन समिति अध्यक्ष बिनोद लामाले धन्यवाद दिए । अध्यक्ष लामाले यस किसिमको सहयोगले सामुदायिक विद्यालयको गुणस्तर वृद्धिमा सहयोग मिल्ने बताए । सो अवसरमा प्रमुख अतिथी समेत रहेका बैंकका प्रवन्धक दिपक कुमार डे ले विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्दा अध्ययन जारी राख्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिनोद कुमार लामाको अध्यक्षतामा भएको थियो ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त | www.bikaskhabar.com | जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# यस कारण, इन्द्रसरोवरले फिल्ड सहायक भेटेन



◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले फिल्ड सहायक पदका लागि लिएको परीक्षामा कुनैपनि उमेद्वार उतीर्ण नभएको सुचना जारी गरेको छ । गाउँपालिकाले ९ असोजमा फिल्ड सहायकका उमेद्वारहरूको लिखित परीक्षा लिएकोमा कोही पनि उतीर्ण नभएको पालिकाले प्रकाशन गरेको सूचनामा उल्लेख छ ।

गाउँपालिकाले फिल्ड सहायकका लागि २९ साउनमा सूचना प्रकाशन गर`को थियो । यद्यपी उसले ९ असोजमा प्रकाशित सूचनामा भने ३१ साउनमा प्रथम पटक दरखास्त आव्हान गरेको त्रुटिपूर्ण सूचना प्रकाशन गरेको छ । प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्कीले हस्ताक्षर गरेको ९ असोजको सूचनामा समेत त्रुटि भेटिएको हो ।

गाउँपालिकाको फेसबुक पेजमा प्रकाशित सूचना अनुसार फिल्ड सहायक पदका लागि २९ साउनमा सूचना सार्वजनिक भएको छ । यस अघि फिल्ड सहायक पदमा कार्यरत राजकुमार लामाले राजिनामा दिएपछि रिक्त भएको पदमा पालिकाले दरखास्त आव्हान गरेको हो । फिल्ड सहायक पद संघीय सरकार अन्तर्गत गृह मन्त्रालय मातहतको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वीकृत करार दरबन्दी हो । उक्त पदका लागि संघीय सरकारले नै तलब भत्ताको केही अंश सशर्त अनुदान मार्फत पालिकाहरूमा पठाउने गरेको छ ।

संघीय सरकारले वि.सं. २०७६ बाट नेपालका सबै स्थानीय तहमा सामाजिक सुरक्षा तथा पञ्जीकरणलाई व्यवस्थित गर्नका लागि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढिकरण आयोजना लागू गरेको थियो । हो, यहि परियोजना अन्तर्गत प्रत्येक पालिकामा जनसंख्या तथा भुगोलका आधारमा संख्या निर्धारण गरी एमआइएस अपरेटर र फिल्ड सहायक कार्यरत छन् ।

इन्द्रसरोवर गाउँपालिकाले २९ साउनमा सूचना प्रकाशित गरी फिल्ड सहायक दरखास्त आव्हानदेखि परीक्षासम्मको सबै क्रियाकलापमा त्रुटि भेटिएको छ । गाउँपालिकाले दरखास्त आव्हान गरेको फिल्ड सहायकको सूचनामै परीक्षाको किसीममा लिखित, कम्प्युटर सीप परीक्षण र अन्तवार्ता उल्लेख गरेको छ । यो सरासर संघीय सरकारको मापदण्ड विपरित छ ।

संघीय सरकारले जारी गरेको पालिकाहरूको सेवा इकाइको लागि जनशक्ति छनौंट सम्बन्धी मापदण्ड, २०७६ अनुसार फिल्ड सहायक छनोट गर्दा लिखित परीक्षा र कम्प्युटर सीप परीक्षण परीक्षा लिने कुनै पनि नियममा उल्लेख गरेको छैन । तर इन्द्रसरोबर यहि नियममै नभएको कुरामा अघि सरेको देखिन्छ । नेपाल सरकारबाट २०७६ साल साउन ८ गते स्वीकृत उक्त मापदण्डमा फिल्ड सहायक छनोट गर्दा सर्ट लिस्ट गर्ने सूचकहरू तोकिएको छ । मापदण्डको अनुसूची ५ मा सर्टलिस्टको पूर्णाङ्क ७० तोकिएको छ । यसको उतीर्णाङ्क ३५ तोकिएको छ ।

त्यस्तै ३० पूर्णाङ्कको अन्तरवार्ता हुने मापदण्डको अनुसूची ५ मै उल्लेख गरिएको छ । यो सबै मापदण्ड विपरित प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्कीले दरखास्त आव्हानको सूचना प्रकाशन र परीक्षा संचालन गरेका छन् । र, ९ असोजमा सूचना निकाल्दै कोही उतीर्ण नभएको जानकारी गराएका छन् ।

मापदण्ड अनुसार सर्टलिस्टमा आएकाहरूलाई प्रमुख प्रशासकीय अधिकृत संयोजक रहेको अन्तवार्ता समितिले अन्तवार्ता लिने मापदण्डको नियम ९ मा उल्लेख छ । समितिमा जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको कर्मचारी र स्थानीय तहको सूचना प्रविधि अधिकृत वा संयोजकले तोकेको सूचना प्रविधि सम्बन्धी दक्षता भएको व्यक्ति रहने व्यवस्था छ । सो मापदण्डमा फिल्ड सहायकको कार्यविवरण र जिम्मेवारी समेत तोकिएको छ । तर प्रमुख प्रशासकीय अधिकृत कार्की भन्छन्– 'अहिले स्थानीय सेवाको कर्मचारी बागमती प्रदेशको लोकसेवाको कार्यविधि अनुसार हुन्छ ।' तर सेवा इकाइको सम्बन्धमा प्रदेशले कुनै पनि कानून बनाएको छैन । त्यसोत स्थानीय र प्रदेश कानून संघीय कानूनसंग बाझिए स्वतः खारेज हुने कानूनी प्रावधान छ ।

**मापदण्ड विपरित लिखित परीक्षामा**

यसैबीच फिल्ड सहायक छनोटका लागि ९ असोजमा प्रमुख प्रशासकीय अधिकृत कार्कीले पहिले २० पूर्णाङ्कको वस्तुगत प्रश्नको परीक्षा लिए । जुन मापदण्डमा नाम निसाना छैन । त्यस्तै ९ असोजमा लिइएको १ घण्टाको लिखित परीक्षामा चौथो तहका फिल्ड सहायकका उमेद्वारलाई अफिसरलाई झैं प्रश्न सोधिएको छ । परीक्षामा ५ पूर्णाङ्कका ६ वटा प्रश्न सोधिएको छ ।

उमेद्वारहरूलाई नेपालको संविधान, न्यायिक समिति सम्बन्धी, सूचनाको हक, निजामती सेवा ऐन जस्ता असान्दर्भिक प्रश्नहरू बढि सोधिएको थियो । यि ६ वटै प्रश्नपत्रको जवाफ दिन नसकेर दरखास्त दिएका चारै जना अनुतीर्ण भएको पालिकाले प्रकाशन गरेको सूचनामा उल्लेख छ ।

त्यसोतः इन्द्रसरोवर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको ३१ भाद्रमै सरूवा भैसकेको छ । उनी भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गत सरूवा भैसकेका छन् ।

उनले सरूवा भएको एक सातासम्म पनि रमाना लिएका छैनन् । कार्कीलाई निजामती सेवा ऐन अनुसार नै सरूवा गरेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ । तर कार्की अझै रमानातर्फ आकर्षित देखिएका छैनन् ।

# स्वास्थ्यको मुख्य सूचकहरूमा जिल्लामा थाहानगर तेस्रो





◆ विकास संवाददाता

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय कार्य गरेकोमा मकवानपुर जिल्लामै बागमती गाउँपालिका पहिलो भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरको मूल्याङ्कनमा मकवानपुरगढी गाउँपालिका दोस्रो र थाहा नगरपालिका तेस्रो भएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरले आयोजना गरेको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षाको अवसरमा उत्कृष्ट ३ पालिकालाई सम्मान गरिएको हो । कार्यालयले मकवानपुरका स्थानीय तहहरूको मुख्य मुख्य सूचकहरूमा मूल्याङ्कन गरी पालिकाहरूलाई पुरस्कृत गरिएको हो । मुल्याङ्कन अनुसार बागमती गाउँपालिकाले ७२.५ अंक, मकवानपुरगढीले ७१.५ र थाहा नगरपालिकाले ७१ अंक पाएको छ ।

पुरस्कृत तीन वटै पालिकालाई बागमती प्रदशका स्वास्थ्य मन्त्री थापा मगरले प्रशंसापत्र वितरण गरे । दुई दिनसम्म हेटौंडामा भएको समीक्षा कार्यक्रममा जिल्लाका १० वटै पालिकाका स्वास्थ्य शाखा प्रमुख तथा जिल्ला स्थित स्वासथ्य कार्यालयका प्रतिनीधिहरूको सहभागिता रहेको थियो ।






## बागमतीका ५ निकायमा सचिव पद रिक्त

◆ विकास संवाददाता

बागमती प्रदेश सरकार अन्तर्गत ५ निकायमा सचिव पद रिक्त छ । प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सचिव पद रिक्त छ । प्रदेशको महत्त्वपूर्ण संरचना लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोग, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका सचिव सरूवा भए पनि उनीहरूको स्थानमा जिम्मेवारी तोकेर कसैलाई पठाइएको छैन ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय सुधार महाशाखा सचिवविहीन भएको डेढ महिना हुन लागेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको शासकीय सुधार महाशाखाको जिम्मेवारीमा रहेकी सचिव हुमकला पाण्डे संघीय सर कारको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सरूवा भएपछि अर्को सचिव तोकिन सकेको छैन । पाण्डेको सरूवा गत साउन ३२ मा भएको थियो ।

सोही दिन प्रदेश सरकार अन्तर्गतको लोक सेवा आयोग, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, प्रदेश नीति तथा योजना आयोगको सचिवको समेत सरूवा भएको थियो ।

## थाहामा २ वर्षमा ..... ........... ..

६७ जना, टाइफाइडबाट १ सय ४२ जना, जलबियोजनका कारण २ जना बिरामी परेको थाहा नगरपालिका स्वास्थ्य शाखाका प्रमुख मेघराज बलामीले जानकारी दिए । यो तथ्याङ्क अघिल्लो आर्थिक वर्षको भन्दा केही कम भएपनि सकारात्मक सूचक भने नभएको प्रमुख बलामीको भनाइ छ । 'पहिलेको तुलनामा प्राथमिक उपचार लगायतको ज्ञान भएर घरैमा उपचार गरेकाले बिरामी स्वास्थ्य संस्थासम्म नआइपुगेको हुन सक्छ'–उनले भने ।

त्यसोतः आर्थिक वर्ष २०७९/०८० मा पानीजन्य रोगको संक्रमणबाट आर्थिक वर्ष २०८०/०८१ को तुलनामा ५१ जना बढि उपचारको लागि स्वास्थ्य संस्था पुगेको तथ्याङ्कले देखाएको छ । आर्थिक वर्ष २०७९/०८० मा २ हजार ५ सय १४ जना उपचारको लागि स्वास्थ्य संस्था पुगेका थिए । आर्थिक वर्ष २०७९/०८० मा भने सबैभन्दा बढि झाडापखलाका बिरामीहरू उपचारको लागि स्वास्थ्य संस्था पुगेको पालिकाको स्वास्थ्य शाखाको तथ्याङ्क छ । दोस्रोमा एक्युट ग्याष्ट्रो एन्टेरीटिसबाट ६ सय ८३ जना व्यक्ति उपचारको लागि स्वास्थ्य संस्था पुगेका छन् । तेस्रोमा भने ३ सय ७८ जना जुका पर्ने विरामी उपचारको लागि स्वास्थ्य संस्था पुगेको तथ्याङ्कले देखाएको छ । सो आर्थिक वर्षमा आउँमासीबाट २ सय २३ जना बिरामी भएकाछन् भने र गतमासीबाट ७८ जना, जण्डिसबाट ९३ जना, टाइफाइडबाट १ सय जना र जलबियोजनबाट ११ जना बिरामी भई उपचारका लागि स्वास्थ्य संस्थामा पुगेको अभिलेख छ ।

थाहा नगरपालिकाको तथ्याङ्क अनुसार एक्युट ग्याष्ट्रो एन्टेरीटिसबाट पीडित बिरामीहरूको संख्या वृद्धि हुँदै गएको देखिन्छ । यस रोगबाट आर्थिक वर्ष २०७९/०८० मा ६ सय ८३ जना बिरामी भएकोमा आर्थिक वर्ष २०८०/०८१ मा ८ सय ३७ जना बिरामी भएका छन् । चालु आर्थिक वर्षको दुई महिनामा पनि यस रोगबाट १ सय ६३ जना बिरामी भैसकेको छन् । हेपाटाइटिस ए बाट अघिल्लो आर्थिक वर्षमा शुन्य विरामी देखिएकोमा आर्थिक वर्ष २०८०/०८१ मा ७ जनामा देखिएको छ भने चालु आर्थिक वर्षमा १ जनामा देखिइसकेको छ । त्यसैगरी टाइफाइडका बिरामीहरूको संख्या पनि वृद्धि भएको छ । यस रोगबाट आर्थिक वर्ष २०७९/०८० मा १ सय जना बिरामी परेकोमा आर्थिक वर्ष २०८०/८१ मा १ सय ४२ जना बिरामी परेको थाहा नगर पालिकासंग तथ्याङ्क छ । टाइफाइडबाट चालु आर्थिक वर्ष २०८१/८२ को दुई महिनामा पनि २६ जना बिरामी परिसकेका छन् । अन्य रोगहरूबाट संक्रमित बिरामीहरूको संख्या भने झिनो मात्रामा कमी आएको छ ।

### पानीजन्य रोगबाट कसरी बच्ने ?

बर्खाको बेला बाढी/पहिरो आउने गर्छ । जसले गर्दा हाम्रो घर वर परका खानेपानीको मुहानहरूमा बाढी पस्छ । खानेपानीको मुहान दूषित हुन्छ । यसरी बाढी पसेको पानी पिउँदा हामीलाई झाडापखाला र आउँजस्ता पानीबाट सर्ने रोगको संक्रमण हुन्छ । त्यसैले पानीलाई उमालेर पिउने गर्नुपर्छ । यदि पानी उमाल्न नसक्ने अवस्था भए क्लोरिन राखेर निर्मलीकरण गर्न सकिन्छ । पानीलाई कम्तिमा पनि एक भुल्को उमालेर खाने गर्दा यस्ता रोगहरूबाट बच्न सकिने पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका डाक्टर गगन कार्की बताउँछन् । सरुवा रोगबाट जोगिन सबैभन्दा पहिले हरेक व्यक्तिले व्यक्तिगत सरसफाइमा ध्यान पुऱ्याउनुपर्छ । वर्षातको मौसममा अझ बाढी र पहिरोजस्ता प्राकृतिक विपत्तिमा पानीजन्य समस्याको प्रकोप धेरै हुने हुँदा हामीले खाने पानीको शुद्धतामा विशेष ध्यान दिनु आवश्यक हुन्छ । वर्षातमा दूषित पानीबाट लाग्ने रोगहरूबाट बच्ने सबैभन्दा पहिलो विकल्प भनेकै दूषित पानीको सेवन नगर्नु र खानेकुरा खानुअघि हात धुनु नै



हो । जथाभावी दिसापिसाब गर्नु हुँदैन । खानेकुरालाई राम्रोसँग पकाएर खानुपर्छ ।

यसका साथै साबुन-पानीले हात धुने गरे पनि यी रोगबाट बच्न सकिन्छ । दिसा गरिसकेपछि, खाना बनाउनु अघि, खाना बाँड्नुअघि र खाना खानुभन्दा पहिले पहिला साबुनपानीले हात धुनु आवश्यक हुन्छ । विशेषगरी बालबालिकालाई यस्ता रोगहरूले सताउने भएकाले आफैँले उनीहरूको सरसफाइ गरी दिनुपर्छ,–डाक्टर कार्कीले भने ।

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'
थाहा नगरपालिका
कृषि विकास शाखाको सूचना !
प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०६।०५
यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर मकवानपुरको आ.व. २०८१/८२ स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कृषि सामाग्री ५०% अनुदानमा वितरण गर्ने कार्यक्रम रहेको हुँदा आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले ३० दिन (दशैं बिदा ५ दिन बाहेक) मिति २०८१/०७/१३ गतेसम्म थाहा नगरपालिका भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।
तपसिल:
१. मल्चिङ प्लाष्टिक ३० माइक्रोन १.२x४०० मि. (तौल १४.४ के.जी.)
आवश्यक कागजातहरू:
१. निवेदन -१ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुबै तिर देखिने गरी प्रतिलिपि- १ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि- १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि- १ प्रति
५. पान दर्ता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति
अन्य जानकारीको लागि: मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

मोबाइल लतबाट बालबालिकालाई बचाऔं !
मोबाइल लतबाट:
- निन्द्रा ढिलो लाग्ने, पातलो हुने र पटक पटक ब्युँझने समस्या हुन सक्छ ,
- मोबाइल देखाएर खाना खुवाउनाले पोषण तथा पाचन प्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाइलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरा कुरा नगर्ने लगायतको समस्या देखिन सक्छ,
मोबाइलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

बाल विवाह नगरौं
नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।
मुलुकी अपराध संहिता २०७४
| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |
विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।
थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी